लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्वस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सन्धिखर्क, अर्घाखाँची

पत्रसंख्या:२०८०/८१
च.न.

मिति :२०८१/०९/०४

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आव्हानको सूचना

पहिलो पटक प्रकाशित मिति:२०८१/०९/०४ सूचना नं.३/०८१/८२

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समय भित्र (मिति २०८१/१०/०४ गते सम्म) देहायमा उल्लेखित कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन सूचना प्रकाशन गरिएको छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

१.अनुदानग्राहीको छनौट मापदण्ड:-

क.स.	बालि वस्तुको नाम	आवेदक	अनुदान दिने आधारहरु	प्रमाणित गर्ने आधारहरु
१	माछा/मासु/ अण्डा/ खसि/बोका/ भेडा/ बंगुर/ राँगा	समुह/ सहकारी/ निजि/फर्म/ कम्पनी	१.गत आ.व.को श्रावण मसान्त देखि असार मसान्त सम्को गरेको बाखा,भेडा,बंगुर,अण्डा,रागो तथा माछाको मासुको अभिलेख पेश गर्नु पर्ने। २.समुह सहकारी वा निजि उद्यमीले जिउदो मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शि रुपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने । ३.वार्षिक संकलित विक्री योग्य खसी/बोका/भेडा/बंगुर/रांगा माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरुवाट खरिद गरेको हुनुपर्ने। ४.मासु माछा वा अण्डाको उत्पादन रेकर्ड वडा/स्थानिय तह स्थित पशु सेवा शाखाको प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने छ। ५. पशु विमा गरेका पशुपालक कृषकहरुलाइ प्राथमिकता दिइने। ६.खसी/बोका/भेडाको हकमा प्रति समुह वा सहकारीवाट वार्षिक १०० गोटा र निजिको हकमा ५० गोटा, बंगुरको हकमा प्रति समुह वा सहकारी वाट वार्षिक ४०गोटा र निजिको हकमा २५ गोटा ,राँगाको हकमा प्रति समुह वा सहकारी वा निजिवाट वार्षिक २० गोटा कारोवार गरेको हुनुपर्ने । ७.माछाको हकमा सहकारीले कम्तीमा १ मे.टन र निजिले ५०० के.जी वार्षिक कारोवार गरेको हुनुपर्ने।	१.पशुपन्छी वा माछापालनको अभिलेख । २.सम्वन्धित वडा वा स्थानिय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन । ३.आवेदकको खरिद विक्रि अभिलेख। ४.विमा गरेको भए विमा अभिलेख। ५. आवेदकको खरिद विक्रि अभिलेख। ६.थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्वर सहितको विवरण । ७.कृषकले व्यवसायीवाट लिएको भुक्तानीको अभिलेख। ८.संस्थाको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख। ९.स्थायी लेखा नम्वर। १०.संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। ११.कारोवार खुल्ने वार्षिक लेखा परिक्षण प्रतिवेदन। १२.आवेदकको वैंक खाता नं ।

	दुध उत्पादन	सहकारी/ कम्पनि/निजि डेरी/निजि उद्यमी	१.गत आ.व को श्रावण १ गते देखि असार मसान्त सम्म गरेको दुधको कारोबार अभिलेख पेश गर्नु पर्ने। २.समुह वा संहकारी वा कम्पनि वा निजि डेरी वा निजी उद्यमिले संस्थागत रुपमा खरिद बिक्रि गरेको हुनुपर्ने । ३.समुह वा सहकारी वा कम्पनि वा निजि डेरी वा निजी उद्यमिलेहरुले दुधको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादकको कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने । ४.दुधको उत्पादन रेकर्ड वडा /स्थानिय तह तथा प्राविधिको प्रतिवेदन। ५.पशु विमा गरेका कृषकहरुलाइ प्राथमिकता दिइने । ६.प्रति समुह/ सहकारी /कम्पनि/ मासिक औषत कम्तिमा ३००० हजार लिटर उत्पादन तथा बिक्रि गरेको हुनु पर्नेछ ७.निजि डेरी वा निजि उद्यमीले मासिक औषत कम्तिमा २५०० लि.उत्पादन तथा बिक्रि गरेको हुनु पर्नेछ ।	१.आवेदकको नागरिकताको प्रतिलिपि । २.सहकारी वा कम्पनीको स्थायी लेखा अभिलेख । ३.सम्बन्धित वडा वा स्थानिय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको सिफारिस सहितको प्राविधिक प्रतिवेदन । ४.सहकारीले आफै बिक्रि बितरण गर्ने भए बिक्रि अभिलेख र थोक बिक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्रि गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण । ५.कृषकले व्यवसायीबाट लिएको भुक्तानिको अभिलेख । ६.स्थायी लेखा नं. करचुक्ता कागजात । ७.दुधको कारोबार खुल्ने वार्षिक लेखा परिक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं. ८.सहकारिबाट कृषकको खातामा भुक्तानि गरेको अभिलेख।

भुक्तानी प्रकृयाको हकमाः

.जिउदो खसि/बोका/भेडाको हकमा प्रति कि.ग्रा.रु.२५ का दरले।

.जिउदो रांगा/बंगुरको हकमा प्रति कि.ग्रा.रु.१५ का दरले।

.माछाको हकमा रु. प्रति कि.ग्रा.१५ का दरले।

.अण्डाको हकमा रु.२५० प्रति हजार गोटाका दरले।

. दुध उत्पादनममा वढिमा प्रति लि. रु.२।-

२.जम्मा वजेटः रु. १०००००।-(दश लाख मात्र)

३.आवेदनका लागि आवश्यक कागजहरुः

- संस्था दर्ता करचुक्ता र नविकरणको प्रमाणपत्र ।
- गत आ.व.०८०/०८१ विक्रि वितरणको परिमाण खुलेको लेखा परिक्षण प्रतिवेदन ।
- .अनुसूची ३४ अनुसारको निवेदन कार्ययोजना ।
- स्थानियतहको सिफारिस।
- कार्यक्रम संचालन भएको स्थानको फोटोहरु।
- समुह/सहकारी/कम्पनीको हकमा गत आ.व.२०८०/०८१को वार्षिक साधारण सभाको प्रतिवेदन।
- कार्यक्रममा सहभागी हुने संस्था/कम्पनिको निर्णय प्रतिलिपी।
- .संस्थामा आवद्ध कृषकहरु/निजि उद्यमीको परिमाण (दुध/मासु/माछा/अण्डा) खुलेको वार्षिक विवरण ।
- पशु विमाका कागजात।
- थप जानकारीको लागि कार्यालयको टेलिफोन नं.०७७ ४२००७२ मा सम्पर्क राख्न सक्नुहुनेछ ।
- अनुदान दिदा अन्य सरकारी निकायवाट दोहोरो नपर्ने गरि भुक्तानी गरिनेछ ।

विष्णु प्रसाद पौडेल
वरिष्ठ पशु चिकित्सक

वरिष्ठ पशु चिकित्सक

पुनश्चः यस कार्यक्रममा आबद्ध हुने इच्छुक सहकारी/कम्पनि/उद्यमी/निजि डेरीहरुले प्रस्तावित वस्तुहरुको उत्पादनमा यस सुचनामा छुट भएका बुदाहरु **कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ बमोजिम** हुनेछ ।सवै मापदण्ड पुरा भएका प्रस्तावहरु वढि छनौट भइ कार्यक्रम वजेट नपुग भएमा प्रोत्साहन रकम दामासाहीले वितरण गरिनेछ ।उक्त कार्यविधि मन्त्रालयको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नोटःकुनै पनि स्थानीयतहमा आवेदन पेश गरेका समुह/सहकारीहरुलाई समावेश गरिने छैन।